# हाम्रो सफलताका कथाहरू

















असल छिमेकी नेपाल
Asal Chhimekee Nepal
पोखरेली ख्रीष्टिय समुदायको सामाजिक पहल

**प्रकाशक**
अयल छिमेकी नेपाल
सिम्पानी, पोखरा, नेपाल
पोष्ट बक्स नं. २६३
फोन नं.: ९७७ ६१ ५२२५१६, ५३४१५९
बेब साइट : www.acn.org.np
इमैल : info@acn.org.np

**प्रकाशित**
असोज, २०७७

# आदरणीय पाठक वर्गमा अभिवादन !



सन् २००० ताका नेपालमा माओवादी जनयुद्ध उत्कर्षमा पुगेको थियो । सोहि कारण समाजमा शान्ति शुरक्षा, देशको आर्थिक अवस्था, राजनैतिक स्थिरता अत्यन्त नाजुक र अस्थिर स्थितिबाट गुज्रेको थियो । दैनिक हुने हत्या हिंसा, गोलाबारुदको आवाज, घरबाट निस्केर हिँडेपछि फर्कने नफर्कने अनिश्चितता, सरकारी वा माओवादी पक्ष कसको सिकार भइने हो भन्ने भयका साथ जिउनुपर्ने बाध्यता सर्वसाधारणका लागि सामान्य जीवनशैली बनेको थियो । उत्पीडनमा परेका विपन्न र दूरदराजमा रहेका सीमान्तकृत जनताको जीवनमा सकारात्मक आमूल परिवर्तन ल्याउन कसैले युद्धलाई विकल्प देखे भने पुरातनवादी सत्ताधारीहरू आफ्नो हैकमलाई कायम राख्न अनेकन उपायको अवलम्बन गरिरहेका थिए । यही कालखण्डमा वर्गीय समानता भित्र सुखद भविष्यको सपना देख्ने देशका कलकलाउँदा १४ हजार युवाको बलिदान भयो । यस्तो परिस्थितिमा पोखरामा रहेका केही चर्चहरूको समुदायले भने मिलेर सेवाका कार्यहरू मार्फत जनताको चेतना विकास गर्ने, आर्थिक अवस्था साथै सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने विकल्प देखेर असल छिमेकी नेपालको स्थापना गरी वि. सं. २०५९ माघ ३ गते सरकारमा दर्ता गरेका थिए । यसरी सिकारु संस्थाको रूपमा संस्था अगाडि बढेको थियो ।

सेवा गर्नु एउटा कुरा हो तर सेवाको नियत र तरिका अर्को महत्वपूर्ण पाटो हो जुनदीगो रूपान्तरणका लागि महत्वपूर्ण हुन्छ । कार्यक्रम तथा परियोजनाको विकास गर्दा नै लाभग्राहीको सशक्तीकरण नभए, उनीहरूको आफ्नो पहल नभए विकासको पहल अस्थायी हुन्छ भन्ने कुरामा ध्यानदिनु आवश्यक छ । यसै तथ्यलाई मध्यनजर गरी सँधै नै दिगो परिवर्तनका लागि प्रयास गरियो । लाभग्राहीको जीवनमा आएका सकारात्मक परिवर्तनका कथाहरूको यो सँगालोले केही हद्सम्म यस प्रयासलाई प्रमाणीकरण गर्दछ भन्ने लागेको छ । यी कथाहरू पढ्दा हर्ष लाग्छ र गौरव पनि लाग्छ । एउटा व्यक्तिको सकारात्मक परिवर्तनको कथामा संलग्न भएको नाताले यी कथा हामी सबैको कथाको एउटा खण्ड पनि हो । निस्वार्थ रूपमा, प्रेमका साथ सेवा गर्ने, सहयोग गर्ने हामी सबैका लागि धरातलबाट उठेर सफल जिवन जीउन सकेका यी कथाहरू इनाम हुन् । यसो भन्दै गर्दा हाम्रा दृष्टिकोण र व्यवहारमा केही पनि कमी कमजोरीहरू भएनन् भन्ने पनि होइन । तर आगामी दिनहरूमा सुधार गर्दै अगाडि बढ्न संस्थालाई र यससँग आवद्ध हुनुभएका सबैलाई यी कथाहरूले अवश्य नै प्रेरणा र बल प्रदान गर्नेछन् ।

अन्तमा, जीवनका कथाहरू कथा मात्र नभई जीवन जिउने सिद्धान्त बोकेका दतस्तावेज पनिहुन् । कसरी एउटा मानिसको अवस्थामा सकारात्मका परिवर्तन हुनसक्छ भन्ने प्रश्नको जवाफ सबै पाठकका लागि अनुकरणीय सिद्धान्त हुनसक्छ । त्यसैले असल छिमेकी नेपालको कामको फलका रूपमा मात्र नभई पाठकका लागि पनि यी कथाहरू प्रेरणाका स्रोत बनून् भन्ने शुभेच्छ व्यक्त गर्दछु । हामीलाई पनि धेरै सिक्ने अवसर प्राप्त भएको र प्रेरणा दिनुभएकोमा यस पुस्तकमा समेटिएका र नसमेटिएका सबै कथाका पात्रहरू प्रति आभार व्यक्त गर्न चाहन्छु । यो कथा सङ्ग्रह तयार गर्नका लागि योगदान पुऱ्याउने सबैलाई धन्यवाद छ ।


राजु अधिकारी
कार्यकारी निर्देशक
असल छिमेकी नेपाल

# बिषय सूची


| | | |
|---|---|---|
| १. | सधैं तयार हुनुपर्छ | १ |
| २. | उत्साहित र साहसी झाकू | २ |
| ३. | पानीका लागि सङ्घर्ष गर्नुपर्ने छैन | ३ |
| ४. | बाल क्लब सदस्य अहिले सहजकर्ता | ४ |
| ५. | मैले कुलतलाई जित्न सकें | ५ |
| ६. | आफ्नै व्यवसाय गर्दै | ६ |
| ७. | सङ्घर्षमुक्त कल्पना | ७ |
| ८. | समुदायमा शान्ति छर्दै उमाकान्ती | ८ |
| ९. | हाम्रो घरमा शौचालय छ ! | ९ |
| १०. | रीताको आत्मविश्वासको यात्रा | १० |
| ११. | अझै पनि अति बलियो ! | ११ |
| १२. | सपना साकार पार्न आधारको निर्माण | १२ |
| १३. | अहिले सरकारी सेवाहरु गाउँमा नै उपलब्ध छन् | १३ |
| १४ | असहायका लागि ईश्वर रहेछन् | १४ |
| १५. | डकर्मी तालिमले बढायो साहस | १५ |
| १६. | पशुपन्छीहरुलाई पनि उपचार चाहिँदो रहेछ ! | १६ |
| १७. | जहाँ इच्छा त्यहाँ उपाय | १७ |
| १८. | व्यक्तिगत तालिमले सम्पूर्ण गाउँलाई लाभ | १८ |
| १९. | घरको सपना पूरा भयो | १९ |
| २०. | स्वस्थ समुदायको आशा | २० |

# सधैं तयार हुनुपर्छ

सोनु थापा मगर (३३ वर्ष) पोखरास्थित मसिना बगर, हेमजा, सेती खोला किनारमा बस्नुहुन्छ । उहाँको समुदायका मानिसहरू नदीको बालुवा बेचेर आफ्नो जीविका चलाउँछन । उहाँका श्रीमान् विदेशमा काम गर्दै हुनुहुन्छ । उहाँ छोराछोरीहरूको हेरचाहसँग नदीको बालुवा बेच्ने काम पनि गर्नुहुन्छ ।

असल छिमेकी नेपालले उहाँको समुदायमा भएको स्वावलम्बन समूहमा सुरक्षित मातृत्वको लागि पूर्व तयारी कसरी गर्ने भन्ने सम्बन्धमा कार्यक्रम आयोजना गरेको थियो । त्यतिबेला उहाँ गर्भवती हुनुहुन्थ्यो । पहिलेको गर्भावस्थामा उहाँले भोगेका समस्याहरूबाट यसपटक कसरी बच्न सकिन्छ होला भन्ने आशामा कार्यक्रममा एकदम ध्यान दिनु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय स्वास्थ्य बिमा, स्वास्थ्य, सरसफाइ, पोषण र गर्भवती र सुत्केरीका लागि तयारी सम्बन्धमा के कसो गर्ने भन्ने विभिन्न विषयहरू समेटिएको थियो ।

सोनुले भन्नुभयो, ''कार्यक्रम मेरो लागि एकदम उपयोगी भयो । म र मेरो बच्चालाई गर्भावस्था तथा सुत्केरी पछि कसरी स्वस्थ राख्न सकिन्छ भन्ने बारेमा मात्र ज्ञान भएन कि यस कार्यक्रमले मलाई गर्भावस्थामा भइपरी आउने बेलामा आवश्यक औषधि उपचारको लागि पहिलेदेखि अलिअलि बचत गर्दै जानुपर्छ भनेर पनि सिकायो । नभन्दै मेरो नर्मल डेलिभरी नभई अप्रेशन गर्नुपर्ने भयो । जसका कारण खर्च बढ्यो, तर मैले पहिलेदेखि अलिअलि बचत गर्दै गरेकाले तत्कालै अप्रेशन तथा औषधि उपचारको खर्च जुटाउन सकियो ।''

सोनुले असल छिमेकी नेपालप्रति आभार प्रकट गर्नुभयो, ''म यस कार्यक्रममा सहभागी हुन पाएकोमा धेरै खुसी छु । यस पटक मेरो बच्चा र म पहिलेको भन्दा स्वस्थ छौं । यसपालि मलाई पहिलाका बच्चाहरू जन्मिँदाजस्तो गाह्रो भएन र मसँग अस्पतालको खर्च बेहोर्न पैसा पनि थियो ।''



# उत्साहित र साहसी झाकू



झाकू कुमाल नवलपरासीस्थित बरौलीटार गाउँ, कावासोती १७ मा बस्नुहुन्छ । तीन जना छोराछोरीकी आमा झाकू छोराछोरीहरूलाई राम्रो शिक्षा दिनको लागि हरसम्भव प्रयासरत हुनुहुन्छ । उहाँका श्रीमान् एउटा धान मिलमा काम गर्नुहुन्छ । श्रीमान् एक्लैको कमाइले छोराछोरीको विद्यालय खर्च र शैक्षिक सामग्री, लत्ताकपडा लगायत अन्य आवश्यकताहरूका लागि जुटाउनु गाह्रो हुन्थ्यो । यही कारणले उहाँले एउटा गाई किन्ने र दूध बेचेर परिवारको आम्दानी बढाउने निर्णय गर्नुभयो ।

झाकूले गाई किन्नको लागि छरछिमेक तथा साथीहरूबाट पैसा सापट खोज्नुभयो । तर उहाँलाई कसैले पनि पत्याएनन् । त्यसैले उहाँले आफूसँग भएको सुनको गहना बेचेर एउटा गाई किन्नुभयो । गाईले पर्याप्त मात्रामा दूध उत्पादन गर्न नसकेकाले उहाँले सोचेजस्तो आम्दानी हुन सकेन ।

असल छिमेकी नेपालले उहाँको समूहमा पशुपालन सम्बन्धी तालिम आयोजना गरेको थियो र त्यस तालिममा उहाँ पनि सहभागी हुनुभएको थियो । तालिममा उहाँले विशेष गरेर दूध उत्पादन र गोठ व्यवस्थापनबारेमा सिक्नुभयो । तालिमपछि उत्साहित भएर थप तीन ओटा गाई किन्नको लागि उहाँले परिक्रममा कोषको (ऋण) लागि असल छिमेकी नेपालमा निवेदन दिनुभयो ।

झाकूले भन्नुभयो, ''मैले तालिम पछि तालिममा सिके अनुसार गरें । अहिले मेरा गाईहरूले दैनिक ५० देखि ६० लिटर दूध दिन्छन् । यसरी दूध उत्पादन बढेकाले मेरो आम्दानी पनि बढेको छ । अहिले म मासिक करिब ३० हजारसम्म नाफा कमाइरहेको छु ।''

अहिले उहाँ आफ्नै कमाइबाट हरेक महिना समूहमा बचत गर्न ल्याउनुहुन्छ । उहाँले खाचोमा परेकाहरूलाई सापट दिएर सहायता पनि गर्नुहुन्छ । समुदायका मानिसहरूले उहाँले गरेको प्रगति देखेका छन् र समुदायमा उहाँको इज्जत पनि बढेको छ । उहाँले श्रीमान्लाई घर खर्च तथा छोराछोरीहरूको विद्यालय खर्च पुऱ्याउनमा सहायता मात्र होइन उहाँले श्रीमान्को लागि एउटा मोटरबाइक पनि किनिदिनुभएको छ, जसको कारणले श्रीमान् धेरै खुसी हुनुभएको छ । उहाँले भन्नुभयो, ''असल छिमेकी नेपालको तालिम तथा समूहको सहायताले मलाई मेरो व्यवसाय बढाउन उत्साह मिल्यो र मेरो आत्मविश्वास पनि बढ्यो । मलाई यो सबै गर्नका लागि सहायता तथा उत्साह दिनुहुने मेरो समूह तथा असल छिमेकी नेपाललाई धन्यवाद !''

# पानीका लागि सङ्घर्ष गर्नुपर्ने छैन



नवलपरासी सेतापानी गाउँका महिलाहरूले प्रत्येक गर्मीमा पर्याप्त पानी सङ्कलन गर्न दिनहुँ सङ्घर्ष गर्नुपर्थ्यो । किनकी गरिबीका कारण सेतापानी गाउँका १२ परिवारले धारा जडान गर्न नसकेर एउटा साझा इनारको प्रयोग गरिरहेका थिए । त्यो इनार गर्मीमा सुख्खा हुने हुनाले गर्मीको दिनमा ४–५ गाग्री पानी मात्र इनारमा हुन्थ्यो । त्यसकारण इनारमा पहिले पुग्नेले मात्र पानी भर्न पाउँथ्यो । अरू परिवारलाई पानी भर्नको लागि अर्को इनारमा जान आउन धेरै समय लाग्थ्यो । यही कारण महिलाहरूका बिचमा मनमुटाव हुन्थ्यो र राम्रो सम्बन्ध पनि थिएन । नेपालमा सामान्यतया पानी सङ्कलनको काम महिलाको जिम्माको रूपमा हेरिन्छ । त्यसकारण प्रत्येक घरको एकजना महिलाले दिनहुँ पानी सङकलन गर्नुपर्थ्यो । महिलाहरूलाई दिनहुँ घरायसी कामको लागि पर्याप्त पानी सङ्कलन गर्न घन्टौं लाग्थो ।

सेतीपानीका महिलाहरूले छिमेकी गाउँमा असल छिमेकी नेपालले समूह बनाउन सहायता गरेको साथै त्यहाँका महिलाहरूलाई इनार बनाउन पनि सहायता गरेको सुनेपछि त्यहाँका महिलाहरूले पनि समूह निर्माण गर्ने र इनारको माग गर्ने सोचेर असल छिमेकी नेपालको सहयोगमा उन्नति समूह गठन गरे र इनार निर्माणमा सहयोगका लागि अनुरोध गरे ।

**उन्नति समूहकी सदस्य गीता पुलामीले भन्नुभयो,** "सुरुमा हामीलाई इनार निर्माणमा गाह्रो भएको थियो । असल छिमेकी नेपालले हामीलाई इनार निर्माणको लागि सामग्री सहयोग गर्ने भयो । तर इनारको लागि हामी आफैंले नै खाल्डो खन्नुपर्ने भयो । हाम्रो गाउँका प्रायः पुरुषहरू वैदेशीक रोजगार मा र अरू परिवारका लागि कमाउन काममा जानुपर्ने भएकाले खाल्डो खन्नका लागि हामीले कोही पनि दाजुभाइहरू फेला पार्न सकेनौं । हामीहरू दिनहुँ घरको लागि पर्याप्त पानी सङ्कलनका लागि सङ्घर्ष गरिरहेका थियौं । त्यसकारण हामीले कोही दाजुभाइले हाम्रा लागि खाल्डो खनिदिनु होला भनेर प्रतीक्षा गर्न सकेनौं । हामी महिलाहरू आफैं मिलेर खाल्डो खन्ने निर्णय गर्‍यौं । अन्तमा हामीले ४० फिट गहिरो खाल्डो खनी पानी निकालेरै छाड्यौं ।"

**उन्नति समूहकी सदस्य टिका थनेतले इनार निर्माण पछि त्यसले पारेको सकारात्मक प्रभावका बारे मा भन्नुभयो,** "इनारमा पानी एकदमै मिठो आएको छ । अब इनारमा को पहिला पुग्ला भनेर चिन्ता गर्नुपर्दैन । प्रत्येक दिन पानी सङ्कलनका लागि घन्टौं खर्च गर्नु पनि पर्दैन । हामी यो नया इनारका कारण धैरै खुसी छौँ ।"

**उन्नति समूहकी सहजकर्ता देउकुमारी महतोले भन्नुभयो,** "सुरुमा हामीले इनार निर्माणको स्वार्थका लागि समूह गठन गरेको भए तापनि असल छिमेकी नेपालले इनार निर्माणमा सहायता गर्दै जाँदा हामीले समूहमा बस्नुका धेरै फाइदाहरू बुझ्यौं । हामी महिलाले घर र छोराछोरीहरूको हेरचाह मात्र गर्न सक्छन् भन्ने सोच्ने गर्थ्यौं । तर हामीले अहिले कसरी समूहमा मिलेर काम गर्न सकिन्छ भनेर सिक्यौं । अहिले हामी सबै मिलेर समुदायको विकासको काम तथा समुदायलाई अझ राम्रो बनाउने काम गरिरहेका छौं ।"

# बाल क्लब सदस्य अहिले सहजकर्ता



सुनिता क्षेत्री (१९ वर्ष), आफ्नो आमाबुबासँग बस्नुहुन्छ । उहाँको आमाबुबा दैनिक ज्याला मजदुरीको काम गर्नुहुन्छ । उहाँ १३ वर्षकी हुँदा उहाँका आमाबुबा गाउँदेखि कामको खोजीमा पोखरास्थित मसिनाबगर, सुकुम्बासी टोल आएर बस्न थाल्नुभएको हो । सुनिता एकदमै मिलनसार स्वभावकी भएकाले नयाँ ठाउँमा उहाँले छिट्टै साथीहरू बनाउनुभयो । साथीहरूसँग घुलमिल हुने क्रममा असल छिमेकी नेपालद्वारा गठन गरिएको मसिनाबगर नमुना बाल क्लबमा सहभागी हुन थाल्नुभयो ।

बाल क्लबमा सुनिता एकदम रमाइलो गर्नुहुन्थ्यो र बाल क्लबका गतिविधिहरूमा सहभागी हुन एकदम रुचाउनु हुन्थ्यो, विशेष गरी नाच्न र गाउन । उहाँ अरूलाई सहयोग गर्न पनि सधैं तयार रहनुहुन्थ्यो । क्लबमा उहाँको सहभागिता देखेर क्लब सहजकर्ताले उहाँलाई सडक नाटकमा सहभागी हुने मौका दिनुभयो । नाटकहरूमा उहाँले एकदमै राम्रो अभिनय गर्नुका साथै ती कार्यक्रमहरूको आयोजनामा पनि सहयोग गर्नुभयो । त्यसपछि, सबै जनाले उहाँको प्रशंसा गर्न थाले जसले उहाँलाई झन उत्साहित गऱ्यो । त्यसपछि उहाँ क्लबको अध्यक्ष हुनुभयो । उहाँले दुई वर्ष क्लबको अध्यक्षको रूपमा रहेर क्लब सञ्चालनमा पनि सहायता गर्नुभयो ।

उहाँ क्लबको अध्यक्ष हुँदा क्लबको सहजकर्ता जस्तै बनेर बालबालिकाहरूको बीचमा काम गर्ने तथा उनीहरूका हक अधिकार र मुद्दाहरूका बारेमा सचेत गराउने काम गर्न इच्छा छ भनेर भन्ने गर्नुहुन्थ्यो । बालबालिकाहरूका बिचमा काम गर्न असाध्यै मन पराउने उहाँ १८ वर्षकी भएपछि क्लबबाट बिदा हुनुभयो । बिदाई गरिए तापनि क्लबमा निरन्तर आएर उहाँले बालबालिकाहरूलाई उत्साह र सहायता गरिराख्नु भएको थियो । उहाँको यस्तो इच्छा र क्षमता देखेर उहाँले सहजकर्ता पदको लागि आवेदन दिँदा असल छिमेकी नेपालले उहाँलाई सोही क्लबको सहजकर्ताको रूपमा छनोट गऱ्यो ।

एक वर्षदेखि सुनिता असल छिमेकी नेपालको बाल क्लबको सहजकर्ताको रूपमा कार्यरत हुनुहुन्छ । उहाँ क्लबमा बाल सुरक्षाका मुद्दाहरू, बाल अधिकार तथा जोखिम, मानव बेचबिखन, असल र खराब छुवाइ जस्ता विषयहरूमा ज्ञान दिएर उनीहरूलाई सुरक्षित तथा होसियार हुन सिकाउँदै हुनुहुन्छ । यसरी उहाँ आफ्नो समुदायमा एउटा उदाहरण बन्नुभएको छ र आफ्नी आमालाई गौरव महसुस गराउनु भएको छ ।

# मैले कुलतलाई जित्न सकें

बबिता गुरुङ (नाम परिवर्तन) को जन्म पूर्वी नेपालको धरानमा भएको थियो । उहाँका बुबा ब्रिटिश आर्मीमा हुनुभएकोले लामो समयसम्म घरबाट टाढा बस्नुपर्‍यो । त्यसकारण उहाँकी आमाले नै उहाँलाई हुर्काउनुभयो । बुबाले घर खर्च पठाउने भएकाले घरमा केही कुराको अभाव थिएन । उहाँको बाल्यकाल राम्रोसँग बितेको थियो । उहाँ पढाइमा पनि तेजिलो हुनुहुन्थ्यो । तर पछि बिस्तारै उहाँको जीवनमा नराम्रो हुन थाल्यो ।



बबिताले भन्नुभयो, ''जब म कक्षा ९ मा पढ्दै थिएँ, मैले चुरोट खान थालें । बिस्तारै, लागूपदार्थ पनि सेवन गर्न थाले । मैले आफूले प्रयोग गरेको नशाको बारेमा धेरै समयसम्म लुकाउन सकिनँ । पछि मेरो स्कुलका शिक्षकहरू र साथीहरूले थाहा पाएपछि मलाई विद्यालयबाट निकालिदिए । त्यसपछि म विभिन्न विद्यालयहरूमा भर्ना भएँ तर मैले लागूपदार्थ सेवन गर्न छाड्न सकिनँ । म लागूपदार्थको लतमा यति धेरै हराइसकेकी थिएँ कि मैले सुईबाट पनि नशा लिन थालें । आमाले नशा प्रयोग नगर भनेर धेरै भन्नुभएको थियो । मैले कहिलेकाहीं नखाने कोसिस पनि गरें । तर यसो गर्दा म छट्पटिएको देख्न नसकेर आमा आफैंले लागूपदार्थ सुटुक्क किनेर पनि ल्याइदिने गर्नुहुन्थ्यो । म नशामा पूरा हराइसकेकी थिएँ । मेरा दाइहरूले मलाई २ पटकसम्म उपचार केन्द्रमा भर्ना गरिदिनुभयो, तर मैले नशा छाड्न सकिनँ । मैले मेरो जीवनका ५ वर्ष कुलतमा बिताएँ ।

मेरा दाइहरूले हार मान्नुभएन । मलाई नशा छाड्नका लागि सहायता खोज्ने क्रममा अन्तमा असल छिमेकी नेपालले सञ्चालन गरेको नवजीवन उपचार तथा पुनर्स्थापना केन्द्रमा ल्याइदिनुभयो । नवजीवन म पहिले बसेको उपचार केन्द्रभन्दा फरक थियो । नवजीवन उपचार केन्द्रमा लागूपर्दाथ सेवनको कुनै पनि सम्भावना थिएन, चुरोट खान समेत प्रतिबन्ध थियो । यसभन्दा अघिको उपचार केन्द्रमा बस्दा मलाई जेलमा बसेको जस्तो लाग्थ्यो । तर नवजीवनमा मलाई आफ्नै परिवारसँग बसेको जस्तो लाग्यो । नवजीवनको यस्तै मायालु वातावरणको कारण मैले लागूपदार्थ छोड्न सकें । यो सबै विभिन्न व्यक्तिगत तथा समूहगत परामर्श कक्षा र अन्य विभिन्न छलफल कक्षाहरूबाट सम्भव भएको हो । मैले कसरी असल र खराब कुराहरू छुट्ट्याउने भनेर पनि सिकें । मैले मेरो जीवनमा कहाँ गल्ती गरेको रहेछु भनेर पनि बुझ्न सकें । मलाई नवजीवनका मेडमहरूले अब मैले कसरी ठीक तरिकाले जिउन सक्छु भनेर बाटो पनि देखाउनुभयो । उहाँहरूले मलाई कसरी समुदाय र परिवारमा व्यवहार गर्ने र कसरी नराम्रो सङ्गतबाट टाढा रहने भनेर पनि सिकाउनुभयो ।

अहिले ५ वर्ष भइसक्यो मैले नशारहित जीवन जिएको । मेरो विवाह भयो र एउटा छोरा पनि छ । मेरो परिवारसँग एकदमै राम्रो सम्बन्ध छ । आज म गर्वका साथ भन्न सक्छु कि मैले मेरो जीवनमा कुलतलाई जित्न सकें । आज म सबैले मैले गरेको गल्तीबाट पाठ सिकून्, खराब सङ्गतबाट टाढा रहून् र आफूभन्दा ठूलाहरूले दिएको सल्लाह मानून भनी बिन्ती गर्दछु । अन्तमा मलाई नयाँ जीवन दिनुभएकोमा नवजीवनलाई धन्यवाद भन्दछु ।''

# आफ्नै व्यवसाय गर्दै

धेरै नेपालीहरू विदेशमा काम पाउन सकियो भने परिवारको पालनपोषण गर्न सजिलो हुन्छ भन्ने ठानेर आफ्नो घरपरिवार छाडेर विदेशमा काम गर्न जान्छन् । नयाँगाउँ पोखरामा बस्ने सीता गैरेले पनि यही सोचेर २४ वर्षको उमेरमा तीन वर्षकी छोरीलाई नेपालमा घरमै छोडी खाडी मुलुकमा काम गर्न जानुभएको थियो ।



चार वर्षको कडा मेहनत र आम्दानीले पनि परिवारलाई सहायता गर्नको लागि पर्याप्त भएन । त्यसपछि उहाँले सोच्न थाल्नुभयो उहाँ किन परिवारबाट टाढा एक्ले बस्ने ? त्यसकारण उहाँ नेपाल फर्कनुभयो । नेपाल फर्केपछि, उहाँले एघार महिना सिलाइकटाइको तालिम लिनुभयो र अरू कसैको सिलाइ पसलमा काम गर्न थाल्नुभयो । यो काम विदेशमा एक्लै बस्नुभन्दा त राम्रो थियो तर सिलाइ पसलबाट पाइने महिनाको ४/५ हजारले उहाँको जीविका चल्दैनथ्यो । उहाँ आफ्नो अवस्था सुधार्न लगातार प्रयास गरिरहनुभएको थियो ।

एक दिन उहाँको अवस्थाका बारेमा थाहा भएकी एक महिलाले उहाँलाई असल छिमेकी नेपालको स्वयम् सहयोगी समूहको बारेमा भन्नुभयो जुन उहाँ जस्तै महिलाहरूलाई सहायता गर्नको लागि गठन गरिएको थियो । उहाँ आफ्नो घर नजिकैको सफल सङ्गालो समूहमा सहभागी हुन थाल्नुभयो । समूहमा सहभागी हुँदै जाँदा अन्य दिदिबहिनीहरूका बारेमा सुनेर र देखेर प्रोत्साहित भई उहाँले आफ्नै केही गर्नको लागि आफूमा आत्मबल बढेको र बलियो भएको महसुस गर्न थाल्नुभयो । उहाँलाई आफूले खोजिरहेको बाटो भेटेको जस्तो लाग्यो ।

असल छिमेकी नेपाल र समूहको प्रोत्साहन तथा सहायताबाट उहाँले आफ्नै सिलाइ पसल खोल्ने निर्णय गर्नुभयो । उहाँले रु.५०,००० असल छिमेकी नेपालको परिक्रमा कोषबाट र रु. २०,००० समूहको बचतबाट ऋण लिएर आफ्नै सिलाइकटाइको पसल खोल्नुभयो । उहाँको सिलाइ पसल राम्रोसँग चल्यो । उहाँको आम्दानी पहिलेको भन्दा तीन गुणाले बढ्यो । उहाँले पसलका लागि लिएको ऋण पनि सबै तिरिसक्नुभयो । पसलको आम्दानीले परिवारलाई पूर्ण रूपमा सहयोग पुऱ्याउनुभएको छ । उहाँको काम राम्रो भएकाले पसलमा सिलाइको अर्डर धेरै आउन थालेपछि आफू एक्लैले नभ्याएर अहिले दुईजना कामदार पनि राख्नु भएकोछ ।

विदेशमा एक्लै सङ्घर्ष गर्दा पनि नसकेपछि नेपाल फर्केर अहिले परिवारसँग बसी आफ्नै व्यवसाय गर्न सीता गैरे सफल हुनु भएको छ । लगानी बढाएर व्यापार अझै वृद्धि गर्ने उहाँको योजना छ । उहाँ असल छिमेकी नेपालबाट पाएको सहायता र मार्गदर्शनको लागि धेरै आभारी हुनुहुन्छ ।

# सङ्घर्षमुक्त कल्पना

नेपालमा विशेष गरी ग्रामीण समुदायका प्रायः महिलाहरूले लेखपढ गर्न नजानेकै कारण उनीहरूलाई सामुदायिक कार्यक्रमहरूमा सहभागी हुन समस्या हुने गर्छ । त्यस्तै एक जना महिला हुनुहुन्थ्यो कल्पना थनेत । उहाँ नवलपरासी जिल्ला कावासोतीमा आफ्ना श्रीमान् र तीन जना छोराछोरीहरूसँग बस्नुहुन्छ ।



उहाँले भन्नुभयो, "पहिले बजारमा किनमेल गर्दा मैले हिसाब गर्न नजानेर साहुमहाजनले झुक्याउँथे र कहिलेकाहीँ कतै बाहिर जाँदा साइनबोर्ड पढ्न नजानेर ठाउँहरू पत्ता लगाउन निकै गाह्रो हुन्थ्यो । कहिलेकाहीँ त हराउथें पनि ।" यही कारणले असल छिमेकी नेपालद्वारा सञ्चालन गरिएको प्रौढ कक्षामा उहाँ सहभागी हुनुभयो र लेखपढ गर्न सक्ने हुनुभयो । तर यो त केवल सुरुवात मात्र थियो । असल छिमेकी नेपालले प्रौढ कक्षाको समापनपछि ती महिलाहरूले पाएको आत्मविश्वासलाई अझै वृद्धि गर्न सकून् भनेर त्यही समूहलाई नै स्वावलम्बन समूहको रूपमा विकास गऱ्यो ।

कल्पना स्वावलम्बन समूहमा सहभागी हुनुअघि कल्पनाको परिवार, परिवारका खाँचोहरू जुटाउन बडो सङ्घर्ष गरिरहेको थियो । उहाँको सानो खेतको उत्पादनले वर्षभरि खान पुग्दैनथ्यो, आम्दानीले औषधि उपचार तथा छोराछोरीको विद्यालय खर्चको लागि पुग्दैन्थ्यो । त्यसैले उहाँका श्रीमान् परिवारको आवश्यकता पूरा गर्न थप आम्दानीको लागि घरदेखि टाढा सिकर्मीको काम गर्न जानुहुन्थ्यो । तर अझै पनि उहाँहरूलाई घरखर्च पर्याप्त हुदैनथ्यो । हर्जो टार्न प्रायः उहाँहरूलाई उच्च ब्याजदरमा ऋण लिनुपर्थ्यो । विगतमा उहाँको आफ्नै नगद आम्दानीको स्रोत नभएकाले उहाँलाई समूहमा पैसा बचत गर्न पनि गाह्रो भइरहेको थियो ।

असल छिमेकी नेपालले समूहका लागि विभिन्न जीविकोपार्जन तथा सशक्तीकरणका तालिमहरू सञ्चालन गऱ्यो । कल्पनाले भन्नुभयो, "धेरै तालिमहरूमा सहभागी भएपछि मैले आफैं पनि आम्दानीका लागि केही काम गर्नुपर्छ भन्ने महसुस गरेँ । मैले भैंसी फर्म दर्ता गरेर भैंसीपालन सुरु गरेँ ।" कल्पनालाई दुई ओटा भैंसी किन्नका लागि असल छिमेकी नेपालको परिक्रमा कोषबाट सापटी दिइएको थियो । कल्पनाको भैंसी पालन राम्रो भयो । उहाँ अहिले दूध बेच्दै हुनुहुन्छ र भैंसी फर्मको मल प्रयोग गरेकाले उहाँको खेतको उत्पादनमा पनि वृद्धि भएको छ । उहाँले भन्नुभयो, "अहिले मेरो फर्ममा बाह्र ओटा भैंसीहरू छन्, जसबाट म राम्रो आम्दानी गर्दैछु । मेरो श्रीमान् पनि मसँग घरमै भैंसी फर्ममा काम गर्नुहुन्छ । अहिले हामी घर खर्च, छोराछोरीहरूको शिक्षा र औषधि उपचार तथा परिवारका अन्य आवश्यकताहरू पुऱ्याउन सकिरहेका छौं ।"

कल्पनाले भन्नुभयो, "असल छिमेकी नेपालले मलाई साधारण लेखपढ गर्न सिकायो । आत्मनिर्भरताका लागि मलाई आफैं केही गर्नको लागि प्रोत्साहन पनि गऱ्यो । यसको लागि म धेरै आभारी छु ।"

# समुदायमा शान्ति छर्दै उमाकान्ती



उमा र उहाँका श्रीमान् केही वर्ष अघि गरिबीका कारणले घरबास खोज्दै हिँड्ने क्रममा सेतापानी सुकुम्बासी टोल, नवलपरासीमा बस्न आइपुग्नु भएको थियो । खेतीपातीको लागि जग्गा जमिन नभएकाले श्रीमान् रोजगारको लागि विदेश जानुभयो । उमालाई केही सिक्न र गर्न मन त लाग्थ्यो तर राम्रो गर्न सकिएन भने मान्छेहरूले के भन्लान् भन्ने डर लाग्थ्यो । त्यसैले उहाँले केही गर्न र केही सिक्न सकिरहनुभएको थिएन ।

सन् २०१३ मा असल छिमेकी नेपालले त्यसठाउँमा समूह निर्माणको क्रममा साथीहरूले उहाँमा दयावान हृदय र सबैलाई समान व्यवहार गने बानी र मायालु स्वभावका कारण उहाँलाई अध्यक्ष बन्न अनुरोध गरे । उमामा आफूमाथि त्यति विश्वास त थिएन तरपनि उहाँ समूहको अध्यक्ष बन्नुभयो ।

उहाँ समूहको अध्यक्ष त बन्नुभयो तर समूहमा बोल्नुपर्छ र केही गल्ती हुन्छ कि भन्ने डरका कारणले गर्दा उहाँ बैठक तथा तालिमहरूमा त्यति सहभागी हुनुहुन्थेन । त्यसैले समूह राम्रोसँग अगाडि बढ्न सकेको थिएन ।

उमाले आफू समूहको अध्यक्ष भएको र बैठक तथा तालिमहरूमा जाने गरेको कुरा विदेशमा हुनुहुने श्रीमान्लाई भन्दा उहाँको श्रीमान् रिसाउनुभयो । उहाँका श्रीमान्लाई उहाँ घरबाहिर गएको मन पर्दैनथ्यो । श्रीमान् रिसाउनुभएपछि उहाँले एक पटक त समूह नै छोड्ने विचार पनि गर्नुभएको थियो । तर त्यतिबेलासम्म उमाले समूहमा बस्नुको फाइदा बुझिसक्नु भएकोले समूह छाड्नुभएन ।

उहाँ समूहको हरेक क्रियाकलापहरू तथा विभिन्न सीपमूलक तालिमहरूमा सहभागी हुन थाल्नुभयो । उहाँको आत्माविश्वास बिस्तारै बढ्दै गयो । उहाँमा अगुवाको गुण पनि विकास हुँदै गयो । केही समयपछि उहाँलाई स्थानीय सरकारद्वारा आयोजित मैलमिलाप तालिममा सहभागी हुने मौका मिल्यो । त्यसपछि उहाँ आफ्नै नगरपालिकाको मैलमिलापकर्ताको रूपमा छनोट हुनुभयो ।

उमाले आफ्नो मैलमिलाप कर्ताको भूमिकाको बारेमा भन्नुभयो, "अहिले म नगरपालिकाको उपमेयरसँगै घरेलु तथा लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह र बुढाबुढीहरूलाई नहेर्नेहरूलाई सम्झाउने तथा झैंझगडा मिलाउने काममा सक्रिय रूपमा संलग्न छु । न्याय नपाएकाहरूलाई सहयोग गर्न पाउँदा एकदमै राम्रो अनुभूति हुन्छ ।"

उमाका श्रीमान् नेपाल फर्किएपछि उहाँले आफूले गरिरहेको कामका बारेमा श्रीमान्लाई भन्नुभयो । उहाँका श्रीमान्ले समुदायमा उहाँको राम्रो कामको बारेमा पनि सुन्नुभयो । त्यसपछि उहाँका श्रीमान्को व्यवहार परिवर्तन भयो । उहाँलाई उहाँका श्रीमान्ले यस्तो भनेर प्रोत्साहन गर्नुभयो, "तिमीले राम्रो काम गरिरहेकी रहेछौ, गरिराख है । बरु तिमीलाई विभिन्न ठाउँहरूमा पुग्न गाह्रो भएको रहेछ अर्को छुट्टीमा आउँदा म एउटा स्कुटर किनिदिन्छु ।"

**उमा अहिले आफूलाई बलियो महसुस गर्दै भन्नुहुन्छ,** "विगतमा मलाई कसैले पनि चिन्दैनथे, मेरो श्रीमान् लगायत अरू कसैले म माथि विश्वास पनि गर्दैनथे । तर अहिले मैले मेरो श्रीमान्को मन पगाल्न सकें । म असल छिमेकी नेपालप्रति धेरै धन्यवादी छु, जसले मलाई बलियो हुन र मेरो न्यायप्रतिको इच्छा पहिचान गर्न सहायता गऱ्यो । अहिले समुदायमा मानिसहरू झगडा भयो कि मलाई नै बोलाउन आउँछन् र त्यति बेला मैले के गर्नुपर्छ मलाई त्यो थाहा छ ।"

# हाम्रो घरमा शौचालय छ !

३० वर्षीय देवा हरिजन आफ्नी श्रीमती र तीन छोराछोरीहरूसँग सरावल– ६, नवलपरासीमा बस्नुहुन्छ । उहाँ दैनिक ज्यालामजदुरीको काम गर्नुहुन्थ्यो ।



ज्यालामजदुरीको काम गर्ने क्रममा दुर्घटनामा परेर उहाँको खुट्टा भाँचियो । उहाँलाई उपचार खर्चको लागि आफ्नो सानो जमिन पनि बेच्नुपर्‍यो जसले गर्दा उहाँको परिवारमा आर्थिक समस्या आइपर्‍यो । खुट्टा भाँचिएकाले उहाँ फेरि पहिले जस्तो मजदुरीको काम गर्न नसक्ने हुनुभयो । त्यसपछि बचेको थोरै पैसाले आफ्नै घरमा सानो किराना पसल खोल्नु भयो ।

उहाँ आफ्नो परिवारका आवश्यकताहरू जुटाउने बाटो पाएकोमा खुसी हुनुहुन्थ्यो । उहाँ परिवारका लागि घरमा शौचालय निर्माण गर्न पनि चाहनुहुन्थ्यो । तर आर्थिक अभावको कारण शौचालय निर्माण गर्न सक्नुभएको थिएन । उहाँले भन्नुभयो, "हामीलाई अरूको खेतमा शौचालय गर्न जान मन त लाग्दैनथ्यो । त्यसरी खुलामा शौचालय जाँदा सर्पले टोक्ने डर लाग्थ्यो र अरू मान्छेहरूले हामीलाई देख्दा लाज पनि लाग्थ्यो ।"

गाउँपालिकाबाट शौचालय निर्माणका लागि सामग्री उपलब्ध गराउने कार्यक्रम अन्तर्गत उहाँले निर्माण सामग्री पाउनु भएको थियो तर मिस्त्रीका लागि ज्याला खर्च जुटाउन नसकेकाले उहाँले सामग्री प्रयोग गर्नुभएन ।

२०७४/७५ सालमा तराइमा विनाशकारी बाढी आएको थियो । बाढी प्रभावितमध्येमा देवाको परिवार पनि एक थियो । असल छिमेकी नेपालले सुरुको राहत वितरणको कामपछि बाढिबाट प्रभावितहरूलाई पुनर्स्थापनामा पनि सहयोग पुर्‍याउन, त्यस गाउँमा सरसफाइ सुधारको क्षेत्रमा काम गरेको थियो । असल छिमेकी नेपालले सधैं गरिब तथा सीमान्तकृत परिवारको पहिचान गर्न समुदायसँग मिलेर काम गर्ने गर्छ । त्यसकारण सर्वेक्षणमा पछि असल छिमेकी नेपालबाट शौचालय निर्माणमा सहायता प्रदान गर्नको लागि देवा हरिजन परिवारको नाम छनोट गरिएको थियो । उहाँ एकदम खुसी हुनुभएको थियो । उहाँले भन्नुभयो, "असल छिमेकी नेपालले हामीलाई शौचालय निर्माण गर्नमा सहायता गर्‍यो । हाम्रो घरमा शौचालय बनेकोमा हामी एकदमै खुसी छौं । अब हामीले लाज मान्नु पर्ने छैन ।"

# रीताको आत्मविश्वासको यात्रा

मेरो नाम रीता (नाम परिवर्तन) हो । म अहिले ५० वर्षकी भए । सोह्र वर्षअघि मेरो श्रीमान् एचआईभी सङ्क्रमणको कारणले बित्नुभयो । म पनि सङ्क्रमित भईसकेको थिएँ । मेरा तीन जना छोराछोरीहरू हुर्काउने म एक्लै भएँ । मेरो घर पनि थिएन र कुनै काम पनि थिएन । हामी भाडाको घरमा बस्दै आईरहेका थियौं । मलाई बिहानबेलुकीको छाक टार्न धौधौ भईरहेको थियो । दिनहुँको खाँचो तथा छोराछोरी कसरी हुर्काउने पढाउने होला भन्ने चिन्ताले गर्दा मेरो स्वास्थ्य पनि झन्झन् कमजोर भईरहेको थियो । जसका कारण म बिरामी परें र उपचारको लागि मलाई अस्पतालमा पनि गइराख्नुपर्‍यो ।

मेरो यस्तो अवस्था देखेर नजिकैको चर्च तथा अन्य इसाई परिवारहरूले मलाई र छोराछोरीहरूको पढाइको लागि सहायता गर्न थाल्नुभयो । यसरी सहायता पाएकोमा राम्रो लागेको थियो । तर यसरी सधैं अरुको भरमा जिउन चाहिँ मलाई राम्रो लागिरहेको थिएन । म आफैं नै केही गर्न चाहन्थेँ । त्यसैले केही आयआर्जन हुने काम गर्नका लागि पैसा खोज्दा मलाई कसैले पनि पत्याएनन । म जीवनदेखी हरेस खाएर बसेको अवस्थामा मेरो भेट असल छिमेकी नेपालसँग भयो ।

असल छिमेकी नेपालले एचआईभी सङ्क्रमितहरूलाई सहायता गर्न समूह बनाएर काम गर्दै रहेछ र प्रत्येक महिना, एच. आई. भी. प्रभावितहरू समूहमा भेट्छन् भनेर मैले थाहा पाएँ । त्यसपछि म पनि समूहका बैठकहरूमा जान थालें । बैठकहरूमा भेट गर्दा एक–अर्काको बारेमा बताउने गर्थ्यौं । त्यसपछि मैले म मात्र एक्लै रहेनछु थाहा पाएँ । यसरी आफ्ना बारेमा बताउने र अरूका बारेमा सुनेर केही हद सम्म भए पनि हामी आफ्ना पिडाहरू भुल्ने गर्थ्यौं । हामीले एक–अर्कालाई उत्साह तथा सहायता पनि गर्‍यौं । केही समयपछि मैले मेरो गुमाएको आत्मबल फेरि पाएँ । फेरि आफैंले आफ्नो लागि केही गर्ने अठोट गरें । मैले असल छिमेकी नेपालबाट केही रकम ऋण लिएर सुरुमा गोलभेँडा खेती सुरुगरें । त्यो धेरै राम्रो भयो । यसबाट मलाई घरखर्च चलाउन धेरै सजिलो भयो । त्यसपछि मैले थप आम्दानीका लागि करेसाबारी, बनाउनका साथै बाख्रापालन र केही कुखुराहरू पनि पाल्न थालें । अहिले म राम्रै कमाइराखेकी छु । मैले मेरो ऋण पनि सबै तिरेर सकें र छोराछोरीलाई चाहिएका कुराहरू पुर्‍याइराखेको छु । सबै राम्रो भइरहेको छ ।

आज यो पढ्दै गर्नुहुने एचआईभीसँग जिइरहनुभएका सबैलाई  के भन्न चाहन्छु भने तपाईहरूले पनि आफ्नो जीवनमा असल छिमेकी नेपाल जस्तै सहयोगीको खोजी गर्नुहोस् । प्रेम, उत्साह, परामर्श र सहायता पाइयो भने जीवन जिउन धेरै सहज हुन्छ ।

# अझै पनि अति बलियो !

आँपपीपल स्वास्थ्य चौकी २०५४ सालमा स्थापना भएको थियो । २०६२ सालको बाढी र पहिरोले स्वास्थ्य चौकीको भवन बगाएपछि केयर नेपालले पुनर्निर्माण गरेको थियो जुन २०७२ को महाभूकम्पमा फेरि तहसनस भयो ।



पार्वती बानियाँ विगत १५ वर्षदेखि आँपपीपल स्वास्थ्य चौकी गोरखामा स्वास्थ्य चौकी सहायकको रूपमा कार्यरत हुनुहुन्छ । उहाँले भन्नुभयो, ''स्वास्थ्य चौकीको काम मेरो लागि एउटा जागिर मात्र होइन । मैले स्वास्थ्य चौकी वरपर धेरै रूखबिरुवा तथा फूलहरू रोपेको थिएँ । तर ती सबै २०७२ को भूकम्पमा एकै पलमा नष्ट भए । एकदम दुख लागेको थियो ।''



भूकम्प गएको केही महिनापछि पालबाट स्वास्थ्य सुविधाहरू प्रदान गर्न सुरु गरियो जुन एकदमै गाह्रो थियो । त्यति बेला औषधिको अभाव पनि भएको थियो । कति गाउँलेहरूलाई यस पटक स्वास्थ्य चौकीको पुनर्निर्माण सम्भव नै छैन भन्ने लागेको थियो । असल छिमेकी नेपालले स्थानीय सरकारी निकायहरूसँगको समन्वयमा गोरखा जिल्लामा आँपपीपल स्वास्थ्य चौकीसँगै भूकम्प प्रभावित ५ ओटा स्वास्थ्य चौकी भवन पुनर्निर्माण गर्ने जिम्मेवारी लिएको थियो ।

असल छिमेकी नेपालले २०७३ सालमा पुनर्निर्मित स्वास्थ्य चौकी भवन समुदायलाई हस्तान्तरण गऱ्यो । भवन हस्तान्तरणको दिनमा पार्वतीले भन्नुभयो, ''असल छिमेकी नेपालले स्वास्थ्य चौकी भवन मात्र पुनर्निर्माण गरेन, हामीलाई भवनसँगै आधुनिक उपकरणहरू, फर्निचरहरू र अति आवश्यक औषधिहरू पनि प्रदान गरेको छ । यसकारण हामीहरू एकदमै खुसी छौं ।'' उहाँले पुनर्निर्माणको काम अनुगमन गर्दै जाँदा पुनर्निर्मित भवन पुरानो भवनभन्दा धेरै राम्रो बनेको भेट्टाउनुभयो । पुनर्निर्मित भवन भूकम्प प्रतिरोधक मात्र नभएर लैङ्गिक र अपाङ्गमैत्री पनि बनेको थियो । उहाँले भन्नुभयो, ''यस पुनर्निर्मित भवनले मलाई अझ मेहेनत साथ काम गर्न प्रोत्साहित गरेको छ । म भवनको राम्रो ख्याल राख्ने बाचा पनि गर्छु ।''

२०७२ को भूकम्प पछि असल छिमेकी नेपालले गोरखा जिल्लामा पाचँ ओटा स्वास्थ्यचौकीको भवन पुनर्निर्माण गऱ्यो । तिमध्ये आपँपीपल स्वास्थ्यचौकी एक हो ।

# सपना साकार पार्ने आधारको निर्माण



अनिता पाण्डे कक्षा नौमा पढ्दै गर्दा आमाबुबाले उहाँको मागी विवाह गरिदिनुभएको थियो । उहाँले भन्नुभयो, "मैले विवाह गर्न चाहेको थिइनँ किनकि माध्यमिक तहको शिक्षा (SEE) पूरा गर्न एक वर्ष मात्र बाँकी थियो तर पनि विवाह गर्नु पर्‍यो । म मेरो पढाइलाई लिएर चिन्तित थिएँ । मेरो धेरै पढ्ने सपना थियो । विवाह गरेर विवाह घर गएँ । मैले मेरो पढ्ने इच्छा मेरा सासूआमा तथा सुसुराबुबालाई भन्न सकेको थिइनँ । म अरू विद्यालय गएको हेरेर आफू पनि तिनीहरूसँग विद्यालय गएको कल्पना गर्दै बसिरहेकी थिएँ ।"

केही समयपछि अनिताले सोचेभन्दा राम्रो भयो । उहाँले भन्नुभयो, "मेरी सासूआमा र ससुराबुबाले मेरो पढाइलाई निरन्तरता दिने इच्छा बुझ्नुभयो । उहाँहरूले मेरो पढाइलाई निरन्तरता दिन प्रोत्साहन गर्नुभयो । मेरो श्रीमान्ले धेरै पढ्नुभएको त छैन तर उहाँ पनि सहमत हुनुभयो । उहाँले मैले अध्ययन पूरा गरेमा हुने फाइदा बुझ्नुभयो ।"



अनिता श्रीनाथकोट, गोरखामा बस्नुहुन्छ । यो ठाउँ २०७२ सालको भूकम्पको केन्द्रबिन्दुदेखि धेरै टाढा छैन । उहाँ अध्ययनरत जनकल्याण उच्चमा. वि. भूकम्पमा लगभग पूर्ण नष्ट भएको थियो । त्यसकारण विद्यालय अस्थायी टहरामा सञ्चालन गरिएको थियो । उहाँ भन्नहुन्छ, "अस्थायी टहरामा गर्मीमा धेरै तातो र जाडोमा धेरै चिसो हुने हुनाले हामीलाई पढाइमा ध्यान दिन एकदम गाह्रो हुन्थ्यो ।"

अनिता र उनका साथीहरू पुनर्निर्मित विद्यालय भवनबाट उत्प्रेरित भएका छन् । सबै जना भन्छन् "हामीहरू नयाँ बलियो र राम्ररी निर्माण गरिएको विद्यालय भवन पाउँदा एकदमै खुसी छौं । यसले हामीलाई अझै धेरै मेहेनत साथ पढ्नको लागि उत्साहित गरेको छ ।" अहिले अनिताको सपना पनि ठूलो भएको छ, "अब मेरो धेरै पढ्ने मात्र सपना छैन, धेरै पढेर सफल महिला बनेर म जस्तै अरूहरूलाई शिक्षाको अवसर दिने मेरो सपना छ ।" पुनर्निर्मित नयाँ विद्यालय भवन छात्राहरू तथा अपाङ्गता भएका विद्यार्थीहरूलाई एकदम सहज भएको छ । आशा छ अनिताको सपना पूरा हुनेछ ।

२०७२ को भूकम्पपछि असल छिमेकी नेपालले दुई ओटा माध्यमिक तहको र दुई ओटा प्राथमिक तहको विद्यालयहरूको भवन पुनर्निर्माण गर्‍यो, जसमध्ये जनकल्याण मा. वि. एउटा हो ।

# अहिले सरकारी सेवाहरू गाउँमा नै उपलब्ध छन्



२०७२ सालको महाभूकम्पले श्रीनाथकोट गोरखामा ठूलो विनाश गर्‍यो । विद्यालय, स्वास्थ्य चौकी र वडा कार्यालय सबै नष्ट भएका थिए । वडा कार्यालय भवन परम्परागत शैलीमा ढुङ्गा र माटोले बनेकोले भूकम्पमा केही पनि बाँकी नरहने गरी नष्ट भएको थियो । त्यहाँबाट केही पनि निकाल्न सकिएको थिएन ।



पुनर्निर्माण गरिएको श्रीनाथकोट वडा कार्यालय भवन नजिकै बस्ने कृष्ण गुरुङले भन्नुभयो, "कार्यालयका कर्मचारीले जन्म, मृत्यु, विवाह दर्ता, नागरिकता तथा बसाइसराइका प्रमाण पत्र बनाउने तथा अन्य स्थानीय निकायबाट प्रदान गरिने कागजातहरू तथा सिफारिस पत्रहरू बनाउने जस्ता महत्वपूर्ण कामहरू गर्छन् । तर वडा कार्यालय भवन नभएकाले कार्यालयका कर्मचारी गोरखामा बसेर काम गर्नुहुन्थ्यो र प्रायः सरकारी कामकाजका लागि गाउँ आउने गर्नुहुन्थ्यो । गाउँ आएका बेला पनि खुला चौरमा बसेर काम गर्नु पर्थ्यो । त्यसकारण हामीहरूलाई यस्ता कामहरू गर्न समस्या भइरहेको थियो ।"

असल छिमेकी नेपालले भूकम्पपछि श्रीनाथकोटमा अन्य परियोजनाहरूमा सक्रिय रूपमा काम गरिरहेको थियो । त्यसैले गाउँलेहरूले वडाको समस्या समाधान गर्ने विचार गरेर असल छिमेकी नेपाललाई वडा कार्यालय भवन निर्माणमा सहायताको लागि अनुरोध गरे । तर वडा कार्यालय भवन भएको जग्गा पुनः प्रयोगका लागि उपयोगी थिएन र वडा कार्यालयसँग गाउँमा आफ्नो अरू कतै जमिन पनि थिएन । असल छिमेकी नेपाल गाउँलेहरूले जग्गा उपलब्ध गराएमा वडा कार्यालय भवन पुनर्निर्माण गर्न सहमत भयो । यसका लागि गाउँलेहरूले नयाँ भवन पुनर्निर्माणको लागि जग्गा दान गरे ।

असल छिमेकी नेपालले भूकम्पपछि गाउँमा गरेको सहायताबाट कृष्ण अहिले एकदमै धेरै धन्यवादी तथा खुसी हुनुहुन्छ । उहाँले भन्नुभयो, "असल छिमेकी नेपालले हाम्रा लागि धेरै काम गर्‍यो । यस संस्थाले निःशुल्क स्वास्थ्य शिविर र स्वास्थ्य जनचेतनामूलक कार्यक्रम जस्ता स्वास्थ्य क्षेत्रमा काम गर्न सुरु गरेर स्वास्थ्य चौकी र विद्यालय पुनर्निर्माण गर्‍यो र अहिले एउटा धेरै राम्रो वडा कार्यालय भवन पनि पुनर्निर्माण गरिदिएको छ । आवश्यक फर्निचर सहितको पुनर्निर्मित वडा कार्यलय भवन पाउदाँ र सबै कामहरू राम्रोसँग भएको हेर्न पाउँदा एकदम खुसी लागेको छ । अहिले गाउँलेले सबै सरकारी काम वडामानै गर्न पाएका छन् । मलाई थाहा छैन, असल छिमेकी नेपाल नभएको भए हामी के गर्ने थियौं ।"

# असहायका लागि ईश्वर रहेछन्



वीरबहादुर गुरुङ आफ्नी श्रीमतीसँग गोरखामा बस्नुहुन्छ । उहाँहरूको भविष्यको आशा एउटै मात्र छोरो कामको लागि भारत गएका थिए । तर उनी एच.आई.भी. सङ्क्रमित भएपछि श्रीमती र छोराछोरीसँग नेपाल फर्केर आए । २०७२ सालको भूकम्पले उहाँहरूको घर भत्काइदियो र रोगी छोरालाई पनि लग्यो । बस्नका लागि घर नभएपछि बुहारी छोराछोरीलाई लिएर पोखरा बस्न गइन् । वीर बहादुर श्रीमतीसँग बारीमा अस्थायी टहरा बनाएर बस्न थाल्नुभयो । उहाँको जीवनमा फेरि अर्को ठूलो बज्रपात पऱ्यो । उहाँले आफ्नो भएको एउटै नातिलाई पनि पोखरामा बस दुर्घटनामा गुमाउनुपऱ्यो ।

वीरबहादुर एकदमै निराश हुनुभएको थियो । उहाँले भन्नुभयो, "मलाई थाहा छैन किन भगवान् मसँग यति क्रूर व्यवहार गर्दैछन् ।" त्यसपछि उहाँले आफ्नो जीवनमा भोगेको दुःखहरूको बारेमा भन्न थाल्नुभयो । उहाँको सानो खेतको आधाभन्दा बढी भाग सडक बनाउने बेला काटियो । नागरिकतामा उमेर कम भएकाले उहाँले वृद्ध भत्ता पनि पाउनुहुन्न अनि भएको बास पनि भूकम्पले भत्काइदियो । उहाँले भन्नु भयो, "मैले जीविका चलाउनका लागि केही बाख्रा पालेको छु । मेरी श्रीमतीले चाहिँ वृद्ध भत्ता पाउँछिन्, हामीलाई बाँच्नको लागि त्यसले ठूलो सहयोग गरेको छ ।"

उहाँ डकर्मीको काम गर्नुहुन्थ्यो । तर अहिले ८० वर्षको उमेरमा उहाँसँग त्यति बल छैन । उहाँकी श्रीमतीलाई पनि जोर्नीको समस्या छ जसले गर्दा उहाँलाई घर बनाउने काममा सहायता गर्न सक्नुहुन्न । उहाँले भन्नुभयो, "मैले बिस्तारै घर बनाउन सुरु गरेँ, तर मलाई धेरै गाह्रो भएको थियो । कतैबाट केही सहयोग पनि नपाएपछि मैले आशा नै मारिसकेको थिएँ । मलाई लाग्यो अब बाँकी जीवन यही छाप्रोमै सिद्धिने भो ।"

यस अवस्थामा असल छिमेकी नेपाल उहाँलाई सहायता गर्न पुग्यो । असल छिमेकी नेपालले उहाँलाई घर पुनर्निर्माणको लागि निर्माण सामग्री र केही खाद्य सामग्री दिएर सहयोग गर्नुका साथै सरकारबाट भूकम्प प्रभावित भए बापत पाउनु पर्ने सहुलियत प्राप्त गर्न पनि सहयोग पुऱ्यायो ।

वीरबहादुर एकदमै धन्यवादी हुनुहुन्छ । उहाँले भन्नुभयो, "अब म भगवान छन् भनी विश्वास गर्छु जसले हामी जस्ता असहायहरूको लागि सहयोग जुटाउनुभयो । किनकि भगवान्ले नै हामीलाई सहायता गर्न असल छिमेकी नेपाललाई पठाउनुभएको हो । अहिले हामी हाम्रो नयाँ घरमा सरेका छौं र हामी धेरै खुसी छौं । हाम्रा लागि आउनुभएकोमा असल छिमेकी नेपाललाई धन्यवाद !"

# डकर्मी तालिमले बढायो साहस

२०७२ सालको महाभूकम्पका कारण हजारौं घरहरू ध्वस्त तथा क्षतिग्रस्त भएका थिए । भूकम्प पश्चात् पुनर्निर्माणमा पर्याप्त दक्ष जनशक्तिको अभाव भएको थियो । त्यस अवस्थामा असल छिमेकी नेपालले पुनर्निर्माणका चुनौतीहरूको सामना गर्न दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य लिएर 'सीप विकास तालिम' परियोजना सञ्चालन गरेको थियो ।




मधुमाया सुनार मजदुरीका कामहरू गर्नुहुन्थ्यो जस्तै खेतीपाती, मेलापात, त कहिले ज्यामी त कहिले वाल पेन्टिङ आदि कामहरू । यस्ता काममा खासै कमाइ हुँदैनथ्यो । मधुमाया चार छोरीहरूको आमा अनि एकल महिला भएकीले छोरीहरूको पालनपोषण तथा पढाइको जिम्मेवारी उहाँ एक्लैको काँधमा थियो । त्यसैले आफ्नो अवस्था सुधार्न तथा केही राम्रो कामको अवसरको खोजीमा उहाँ हुनुहुन्थ्यो । जब मधुमायाले गाउँका मानिसहरूबाट असल छिमेकी नेपालले गाउँमा ७ दिने आधारभूत डकर्मी तालिम आयोजना गर्दै छ भन्ने थाहा पाउनुभयो, तब उहाँले तालिममा भाग लिने निर्णय गर्नुभयो ।

उहाँले भन्नुभयो, ''मैले पनि पुरुष जस्तै सिक्न सक्छु भन्ने विश्वास मलाई थियो । त्यही भएर मैले तालिमको लागि आवेदन दिएँ । तालिममा मैले भूकम्प प्रतिरोधात्मक घरहरू निर्माण गर्न सिकें । तालिममा हामीहरूले जग कति गहिरो खन्ने, पिलर कसरी बुन्ने, बालुवा र सिमेन्टको मात्रा कति मिलाउने आदि कुराहरू सिक्यौं ।''

असल छिमेकी नेपालले तालिमपछि सहभागीहरूको जीवनमा परेको प्रभाव मूल्याङ्कनका लागि अनुगमन गरेको थियो । त्यसक्रममा मधुमाया तालिमप्रति एकदमै धन्यवादी हुनुहुन्थ्यो । उहाँले भन्नुभयो, ''आजभोलि मसँगै काम गर्ने अन्य महिला साथीहरूले भन्दा मैले धेरै कमाइरहेकी छु । मेरो काममा पनि मलाई पहिलेभन्दा बढी विश्वास गर्छन् । मेरो आफ्नै आत्मविश्वास पनि बढेको छ । मलाई अहिले काम पाउन धेरै सजिलो भएको छ । त्यसकारण छोरीहरूको खाँचो पूरा गर्न पनि सजिलो भएको छ । म भविष्यप्रति ज्यादै आशावादी छु ।''

# पशुपन्छीहरूलाई पनि उपचार चाहिंदो रहेछ !

गोरखामा बस्ने भक्ति अधिकारीका आमाबुबाले घरमा गाई, भैंसी, बाख्रा तथा कुखुराहरू पाल्ने गर्नुहुन्थ्यो । सानैबाट उहाँले पशुपन्छी हुर्केको हेर्दै आउनुभएको थियो । त्यसैले पछि उहाँले पनि पशुहरू पाल्न थाल्नुभयो । उहाँले भन्नुभयो, ''मलाई थाहा छैन, मैले यतिका वर्षसम्म कति पशुहरू पालेँ, बेचेँ । कति पशुहरू मरे पनि र कति राम्रोसँग हुर्कन सकेनन् । तर मैले खासै चिन्ता गरिनँ ।''




अहिले उहाँ वृद्ध (६० वर्ष) भइसकेकाले धेरैपशुपन्छी पाल्न सक्नुहुन्न । त्यसैले अहिले उहाँसँग ४ ओटा बाख्रा मात्र छन् । तीमध्ये एउटा बाख्रा राम्रोसँग हुर्किन सकेको थिएन् । त्यसकारण उहाँ चिन्तित हुनुहुन्थ्यो । त्यही बेला उहाँलाई गाउँपालिकाका अध्यक्षले असल छिमेकी नेपालले निःशुल्क पशु स्वास्थ्य शिविरको आयोजना गर्दैछ भनेर सूचना दिनुभएको थियो । यसभन्दा अघि उहाँ कहिल्यै पनि पशु अस्पताल वा पशु शिविर जानुभएको थिएन । त्यसलै एकचोटि विचार गर्ने बारेमा सोंच्नुभयो ।

उहाँले भन्नुभयो, ''म पशु स्वास्थ्य शिविर गएँ । त्यहाँ मैले धेरै गाउँलेहरूलाई पशुहरू (गाई, भैंसी, कुकुर र बाख्रा) लिएर आएको भेटेँ । मेरो पालोमा, मैले मेरो आफ्नो बाख्राको समस्या भनें । त्यसपछि उहाँहरूले मलाई मैले पालेका बाख्रालाई जुकाको औषधि दिएको छु कि छैन भनेर सोध्नुभयो । मैले त यस बारेमा कहिल्यै सुनेको पनि थिइनँ । त्यसपछि उहाँहरूले मलाई भन्नुभयो, ''पशुहरूको शरीरमा जुका परेको कारणले उनीहरूको राम्रोसँग वृद्धि हुन सक्दैन । त्यसैले हामीले पशुहरूलाई नियमित जुकाको औषधि खुवाउनुपर्छ ।'' पशुपन्छीलाई पनि औषधि दिनुपर्छ भन्ने सुन्दा छक्क परेँ । मैले कहिल्यै पनि पशुलाई औषधि दिएको थिइनँ । मैले यो निःशुल्क शिविरभन्दा अघिसम्म कहिल्यै पनि पशुलाई भेटनरी (पशु अस्पताल) पनि लगेको थिइनँ ।''

उहाँले भन्नुभयो, ''उहाँहरूले मेरो बाख्राको लागि जुकाको औषधि दिनुभयो । मलाई पशुहरू राम्रोसँग हुर्के भने राम्रो, यदि भएन भने पनि ठीकै छ भन्ने लाग्थो । आज मैले पशुको राम्रो हेरचाह र औषधि उपचार गर्न सक्यो भने राम्रो वृद्धि हुन्छ जसबाट धेरै फाइदा पनि लिन सकिन्छ भन्ने जाने । मलाई विगतका दिनहरू सम्झना छ–कति पशुहरू मरे र कति राम्रोसँग वृद्धि भएका थिएनन् । पशुलाई पनि औषधि उपचार चाहिंदो रहेछ भनेर बुझेँ । यो नै मेरो सबैभन्दा महत्वपूर्ण सिकाइ रह्यो ।''

उहाँ अन्तमा भन्नुहुन्छ,''निःशुल्क पशुस्वास्थ्य शिविरको आयोजना गरेर हाम्रापशुपन्छीको उपचार अनि महत्वपूर्ण सिकाइ पनि भयो । त्यसका लागि असल छिमेकी नेपाललाई धेरै धन्यवाद !''

# जहाँ इच्छा त्यहाँ उपाय



एकतीस वर्षीय गोमनसिंह मगराती १३ जना सदस्यको संयुक्त परिवारमा बस्नुहुन्छ । उहाँ नौ वर्षअघि परिवारको लागि कमाउन भनेर मलेसिया जानुभएको थियो । मलेसियामा काम गर्दा मेसिन चलाउने क्रममा उहाँले दाहिने हात गुमाउनुभयो । कम्पनीले उपचार गरेर उहाँलाई नेपाल फर्काईदियो । उहाँ त्यसरी फर्केर आउँदा परिवारले उहाँप्रति राखेका सबै आशाहरू पनि गुमे ।

तर पनि गोमनसिंहले हार मान्नुभएन । उहाँलाई बिजुली बत्तीको काममा चासो भएको हुँदा साथीसँग बिजुली बत्तीको काम गर्न सुरु गर्नुभयो । गाउँलेहरूले उहाँको अपाङ्गताका कारणले पनि सहयोग गर्ने चाहना राख्थे र उहाँलाई काम दिन्थे । उहाँमाथि विश्वास पनि गर्थे । उहाँले राम्रै गरिराख्नुभएको थियो ।आफूले राम्रो काम गरिरहे तापनि त्यति सन्तुष्ट भने हुनुहुन्थेन । उहाँले भन्नुभयो, "मैले अहिले नै यति राम्रो गर्न सक्छु भने मसँग यदि यस विषयमा राम्रो तालिम भएको भए र सीप भएको भए कति राम्रो गर्न सक्थें होला ।" उहाँलाई गाउँमा तालिमको कुनै पनि सम्भावना थिएन र आँफै तालिम खोजेर जान पनि त्यति सजिलो थिएन किनकी परिवार पनि हेर्नुपर्‍यो ।

असल छिमेकी नेपालले उहाँ बसेको ठाउँ, गोरखाका जवानहरूका लागि एक महिने हाउसवायरिङ (बिजुली बत्ती) र प्लम्बिङको तालिमको आयोजना गर्दै छ भनेर गोमानसिंहले थाहा पाउनुभयो । उहाँ यस्तै अवसरको पर्खाइमा हुनुहुन्थ्यो । त्यसकारण खबर सुनेपछि एकदमै उत्साहित हुनुभएको थियो । उहाँले तालिमको लागि आवेदन दिँदा छनोटमा पनि पर्नुभयो । तालिमको क्रममा उहाँले भन्नुभयो, "मैले पहिला काम गर्दा कति धेरै गल्तीहरू गरेको रहेछु ।" उहाँ सिकाइमा एकदम छिटो भएकाले एक महिने तालिममा छिट्टै नै उहाँको सीपमा वृद्धि भयो । उहाँले भन्नुभयो, "प्राविधिक शिक्षा र व्यवसायिक प्रशिक्षणबाट (CTEVT) हाउस वायरिङमा पहिलो तहको परीक्षा पास गरेर मैले प्रमाण पत्र पाउँदाको खुसी व्यक्त गर्न पनि सक्दिनँ । तालिमसँगै प्रमाण पत्र पाउँदा मेरो क्षमता मात्र नभएर मेरो आत्मबल पनि बढेको छ ।"

असल छिमेकी नेपालले उहाँलाई नयाँ सीपसँगै मान्यता प्राप्त संस्थाबाट प्रमाण पत्र र हाउस वायरिङका लागि औजारहरू पनि दिएको थियो । यो सब गोमानसिंहको लागि ठूलो उपहार बनेको छ । जसले उहाँलाई भविष्यमा सङ्घर्ष गर्न सहायता पुर्‍याउने छ । भविष्यका लागि थौरे आशा लिएर मलेसियाबाट फर्किनु भएको थियो गोमनसिंह तर अहिले उहाँको परिवारको आशा फेरि पलाएको छ ।

# व्यक्तिगत तालिमले सम्पूर्ण गाउँलाई लाभ



म कालिकाप्रसाद ढकाल हुँ । म ५० वर्षको भएँ । म मेरा बुबा, श्रीमती, चार जना छोराछोरीहरूसँग श्रीनाथकोट, गोरखामा बस्छु । म एउटा किसान हुँ ।

२०७२ सालको भूकम्पले हाम्रो गाउँ श्रीनाथकोट गोरखामा ठूलो असर पारेको थियो । त्यसपछि मलाई मेरो परिवार र गाउँका लागि केही गर्ने इच्छा जाग्यो । असल छिमेकी नेपाल भूकम्पपछि हाम्रो गाउँमा एकदमै सक्रिय भएर काम गरिरहेको थियो । अनि त्यही क्रममा असल छिमेकी नेपालबाट ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिमको बारेमा सूचना पाएँ जुन मलाई मेरो इच्छा पूरा गर्ने राम्रो अवसर भए जस्तो लाग्यो । मैले तालिमको लागि निवेदन दिएँ र छनोट पनि भएँ ।

मैले तालिममा पशुपन्छीको आधारभूत स्वास्थ्य हेरचाह, सामान्य पशु रोगहरू, तिनीहरूको उपचार औषधि र रोग रोकथामका बारेमा सिकें । मैले पशुपन्छीलाई खोप दिन पनि सिकें । असल छिमेकी नेपालले तालिमपछि मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट (CTEVT) पहिलो तहको परीक्षाको व्यवस्था पनि गरेको थियो । मैले परीक्षा उत्तीर्ण गरें । अहिले म मान्यता प्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता भइसकेको छु ।

तालिमपछि मैले गाउँमा भेटनरी पसल खोलेर पशुपन्छीहरूको उपचार तथा खोपको सेवा दिने काम गर्दै आएको छु । म गाउँलेहरूको घरमा गएर पशुपन्छीहरूको उपचार तथा खोपको सेवा दिने काम पनि गर्छु । गाउँपालिकामा पनि भेटनरीको सुविधा छ, तर त्यो टाढा भएकाले गाउँलेहरू मेरो पसलमा आउन सजिलो मान्छन् । म प्रायः एक महिनामा करिब २० ओटा पशुहरूको उपचार गर्छु । वर्षाको मौसममा पशुपन्छीहरू बढी बिरामी हुने भएकाले वर्षाको मौसममा उपचारको काम अलि बढी हुन्छ । पशुपन्छीहरूको उपचार तथा खोप दिएर र औषधिहरू बेचेर मैले राम्रो आम्दानी पनि गर्दैछु । मासिक लगभग १५,००० देखि २०,००० सम्म आम्दानी हुन्छ । मैले गाउँमा पशुस्वास्थ्य सम्बन्धमा जनचेतना फैलाउने काम पनि गर्न सकेको छु ।

असल छिमेकी नेपालले दिएको ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिमले मेरो जीवनमा परिवर्तन ल्याएको छ । अहिले गाउँलेहरूले मलाई पशुस्वास्थ्य कार्यकर्ताका रूपमा चिन्छन् । यो सबैको श्रेय म असल छिमेकी नेपाललाई नै दिन्छु । म उहाँहरूप्रति धेरै आभारी छु ।

# घरको सपना पूरा भयो



सन्तुले विद्यालय जाने र पढ्ने मौका पाउनुभएन । उहाँले भन्नुभयो, "मैले पढेको छैन । त्यसकारण म दैनिक मजदुरीको काम गर्छु । तर मेरा छोरीहरू विद्यालयमा पढ्दै छन् । उनीहरूको क्यापस पढ्न जाने सपना छ ।" सन्तु आफ्नो श्रीमान्‌बाट अलग्गिएर बस्नुभएको छ । अर्थात परिवारमा कमाउने उहाँ एक्लै हुनुहुन्छ । छोरीहरू उहाँलाई घर खर्चमा सघाउन विद्यालय बिदाको समयमा उहाँसँगै ज्याला मजदुरीको काम पनि गर्छन् । यसरी सन्तुको दैनिकी परिवारको जीविका तथा छोरीहरूको पढाइको चिन्तामा गुज्रिरहेको थियो ।

२०७५ साउन महिनाको पहिरोले सन्तुको घरै बगायो । उहाँहरूलाई केही हानि त भएन तर बस्ने बास भने पहिरोले ध्वंत पाऱ्यो । उहाँले भन्नुभयो, "हामी सानो जातको भनेर मानिसहरूले हामीलाई कोठा भाडामा पनि नदिएकाले हामीलाई धेरै गाह्रो भएको थियो । म घर पुनर्निर्माण गर्न चाहन्थें तर मलाई मेरो थोरै कमाइले यो सम्भव छैन भन्ने थाहा थियो । त्यसैले घर बनाउनु त मेरो लागि सपना नै थियो । हामीले घरसँगै हामीसँग जेजति थियो सबै गुमायौं । जीवन भताभुङ्ग नै भएको थियो ।"

असल छिमेकी नेपाललाई पर्वतमा स्थानीय सरकारी निकायबाट पहिरो प्रभावित २२ घरधुरीलाई घर पुनर्निर्माणमा सहयोग पुऱ्याउन अनुरोध गरिएको थियो जसमध्ये सन्तुको परिवार पनि एक थियो । सन्तुले भन्नुभयो, "असल छिमेकी नेपालबाट हामीलाई घर पुनर्निर्माणका लागि निर्माण सामग्री प्राप्त भयो । अहिले हामीसँग हाम्रो घर छ, म मेरो खुसी व्यक्त गर्न पनि सक्दिनँ । असल छिमेकी नेपाल नभएको भए यो कहिल्यै पनि सम्भव हुने थिएन ।"

सन्तुको दुखका दिनहरू सकिएको छैन । उहाँलाई आफ्ना छोरीहरूको लागि सङ्घर्ष गर्नु त छँदै छ । फेरि अर्को पहिरो आउला कि भन्ने डर पनि छ । तर उहाँको परिवारमा चाहिँ केही परिवर्तन भएको छ । सन्तुले भन्नुभयो, "मेरा छोरीहरू पढाइमा अझै धेरै मेहनत गरिरहेका छन् । उनीहरू असल छिमेकी नेपाल जस्तै संस्थांमा काम गरेर हामी जस्तै खाँचोमा परेका परिवारलाई सहयोग गर्न चाहन्छन् । उनीहरूको कुरा सुनेर मलाई एकदम खुसी लाग्यो किनकि असल छिमेकी नेपालले हामीलाई घर पुनर्निर्माणमा मात्र सहयोग गरेन कि यसले त मेरा छोरीहरूलाई नयाँ सपना पनि दिएको छ । हाम्रो जीवनमा असल छिमेकी नेपालको सहयोग र प्रभाव हामी कहिल्यै पनि भुल्ने छैनौं ।"

# स्वस्थ समुदायको आशा





अनु गुरुङ परिवारसँग काठमाडौंमा सानो किराना पसल चलाएर बस्नुभएको थियो । उहाँहरूको जीविका राम्रै चलेको थियो । उहाँका सासूससुरा गोरखाको सिम्लेमा बस्नुहुन्थ्यो । २०७२ सालको भूकम्पले सिम्लेलाई पनि एकदमै नराम्रो प्रभाव पारेको थियो । उहाँका सासूससुरा वृद्ध पनि भइसकेका हुँदा उहाँहरूसँग बस्नुपर्ने आवश्यकता महसुस गर्नुभयो र सिम्लेमा गएर बस्न थाल्नुभयो । गाउँ फर्केर जाने निर्णय त्यति सजिलो भने थिएन । उहाँले भन्नुभयो, ''मलाई गाउँले वातावरणमा घुलमिल हुन अलि अप्ठ्यारो भएको थियो । नजिकै कुनै अस्पताल वा मेडिकल पसल थिएनन् र स्वास्थ्य चौकी पनि टाढा, करिब दुई घण्टा हिँडेर जानुपर्ने हुँदा म साह्रै निराश हुन्थेँ ।''

अनुले असल छिमेकी नेपालले गाउँमा गाउँघर क्लिनिक भवन निर्माणमा सहयोग गर्ने योजना बनाउदै छ भनेर सुन्नुभयो । उहाँलाई गाउँमा यो साँच्चै होला जस्तो लागेको थिएन । उहाँले भन्नुभयो, ''मलाई असल छिमेकी नेपाल पनि अन्य संस्था जस्तै आउँछ अनि केही समयपछि जान्छ भन्ने लागेको थियो । मलाई साँच्चै केही प्रभावकारी काम हुन्छ जस्तो लागकै थिएन । मैले मेरो नयाँ सिम्लेको पसलबाट असल छिमेकी नेपालको काम हेरें र दङ्ग परें । असल छिमेकी नेपालले साढे दुई महिनामा नै गाउँघर क्लिनिकको भवन निर्माण गरेर समुदायलाई हस्तान्तरण पनि गरिदियो ।''

असल छिमेकी नेपालको कार्यले उहाँमा गहिरो प्रभाव पाऱ्यो । उहाँले भन्नुभयो, ''असल छिमेकी नेपालले मेरो हृदय छोएको छ । म आफ्नै गाउँमा फर्केर आउनु पर्दा एकदम दुःखी भएको सम्झँदा मलाई एकदम लाज अनि नराम्रो पनि लाग्छ । जब कि असल छिमेकी नेपाल बाहिरबाट हामीलाई सहायता गर्न आइपुग्यो ।''

अनु अहिले गाउँमा बस्दा अलि ढुक्क महसुस गर्नुहुन्छ । उहाँले भन्नुभयो, ''हाम्रो घरदैलोमा नै स्वास्थ्य सुविधाको व्यवस्थाले हामीलाई एउटा स्वस्थ समुदाय हुने अवसर दिएको छ । म यसका लागि असल छिमेकी नेपाल प्रति धेरै आभारी छु ।''